नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७७।७८

चलानी नं: १९८५

मिति: २०७७/१०/०७

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु (सबै),
श्री महा/उपमहा/नगरपालिकाहरु (सबै) ।
श्री गाउँपालिकाहरु (सबै) ।

विषय: राजिनामा तथा अनिवार्य अवकाश स्वीकृति सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तथा सोही ऐनको दफा १२ बमोजिम विज्ञापन भई स्थानीय तहमा नियुक्ति भई कार्यरत कर्मचारीहरुको राजिनामा स्वीकृत गर्ने कार्यलाई सरलीकृत तथा पहुँचयोग्य बनाउन तपसिल बमोजिम व्यवस्था गरिएको व्यहोरा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/१०/०४ को निर्णयानुसार अनुरोध छ ।

तपसिल:

| क्र. सं. | स्थानीय तह | नयाँ नियुक्ति भएका तथा समायोजन भएका कर्मचारीको तह | अर्को व्यवस्था नभएसम्मका लागि राजिनामा स्वीकृत गर्ने तथा अवकाश पत्र दिने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका | ५ र ६ औं तह सम्म | राजपत्राङ्कित तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृत | |
| | | ७ र ८ औं तह सम्म | सम्बन्धित गाउँपालिकाको राजपत्राङ्कित तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले पेश गरी सम्बन्धित जिल्लाको राजपत्राङ्कित द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी | |
| २. | नगरपालिका | ५,६,७ र ८ औं तह सम्म | राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले गर्ने र सो नभएसम्म सम्बन्धित जिल्लाको राजपत्राङ्कित द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी | |
| ३. | उपमहानगरपालिका र महानगरपालिका | ९ र १० औं तह सम्म | राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | स्थानीय तहमा तोकिएको दरबन्दी बमोजिमको कर्मचारी कार्यरत नरहेको अवस्थामा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिवले स्वीकृत गर्ने वा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारबाट स्वीकृत गर्ने | | | |

२०७७/१०/०७

(नरेन्द्र प्रसाद न्यौपाने)

शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.मं. (Website मा Upload हुन) ।

नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

९

पत्र संख्या :- ०७६/०७७
चलानी नं: २३९

मितिः- २०७६/०५/०९

श्री प्रदेश मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै,
श्री स्थानीय तह सबै,

विषयः- राजिनामा/अनिवार्य अवकाश स्वीकृति सम्बन्धमा।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश स्वीकृत देहाय बमोजिम गर्ने नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७६/०५/०९ को निर्णयानुसार अनुरोध छ।

देहायः

प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा

१. सहायकस्तर पाँचौ तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्बन्धित कार्यालयको (कम्तिमा आठौं तहको) कार्यालय प्रमुख वा सम्बन्धित मन्त्रालयको सचिवले स्वीकृत गर्ने।

२. अधिकृत छैठौं, सातौं, आठौं, नवौं, दशौं तहका प्रशासन एवं प्राविधिक सेवाका कर्मचारीहरुको सम्बन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने।

३. एघारौं तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश नेपाल सरकारले स्वीकृत गर्ने।

४. प्रदेश सरकार मातहतका पदाधिकारीबाट राजिनामा स्वीकृत हुनेमा निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) मा व्यवस्था भए बमोजिम सेवा अवधि थप हुने गरी राजिनामा /अनिवार्य अवकाश स्वीकृत गर्न सकिने।

५. निजामती सेवा ऐन, २०४९ को दफा २०(क) उपदफा १ बमोजिम १ श्रेणी माथिको पदमा बढुवा गर्नु पर्ने अवस्था देखिएमा समायोजन ऐन, २०७५ अनुसार समायोजन हुँदाका बखत एक तह वृद्धि नभएको भए (जस्तैः- खरिदार पाँचौ तहमा समायोजन नभएको भए, नायब सुब्बा छैठौं तहमा समायोजन नभएको भए, शाखा अधिकृत आठौं तहमा समायोजन नभएको भए उप-सचिव दशौं तहमा समायोजन नभएको भए) एक तह बढुवा गरी अवकाश दिने ।